Terre des Hommes Netherlands

# आमाबाबु र अन्य हेरचाहकर्ताहरूको लागि सुझावहरू

## यसको बारेमा कुरा गर्नुहोस्!

**आफ्नो बच्चासँग अनलाइन सुरक्षाको बारेमा कुरा गर्न महत्त्वपूर्ण छ, ठीक त्यसैगरी जसरी हामी उनीहरूको अरु सुरक्षा बारे कुरा गर्छौं।। हामी हाम्रा बच्चाहरूलाई सुरक्षित रूपमा सडक पार गर्न वा अपरिचितहरूसँग नजान सिकाउँछौं, तर ती शिक्षाहरूमा अनलाइन संसार र यसलाई कसरी प्रयोग गर्ने भन्ने बारे कुराकानी पनि समावेश गर्न जरूरी छ।**

## बच्चाहरूसँग कुरा गर्ने सुझावहरू

- विषयवस्तु प्रस्तुत गर्न समाचार, टिभी विषय वा अन्य कुनै उदाहरण प्रयोग गर्नुहोस्। उदाहरणका लागि, सोध्नुहोस्: के तपाईंको स्कूलमा आफ्ना साथीहरू मध्ये कसैले यस्तो अनुभव गर्नुभएको छ वा देख्नुभएको छ?

- तपाईंको बच्चालाई आफ्ना सीमाहरू निर्धारण गर्ने र तिनीहरूको इज्जत गर्ने कुरा सिकाउनुहोस् । साथै, यी सीमाहरू सबैको लागि फरक हुन सक्छ भन्ने कुरा पनि बुझाउनुहोस्। के कुरा उल्लंघनको रूपमा लिइन्छ र कसरी तिनीहरूले संकेत गर्न सक्छन् कि तिनीहरूको सीमा (लगभग) उल्लङ्घन भइरहेको छ भन्ने बारेमा ठोस उदाहरणहरू दिनुहोस्।

- तपाईंको बच्चासँग दैनिक क्रियाकलापमा संलग्न हुँदा, जस्तै स्कूल जाँदै गर्दा वा खाना खाने टेबलमा बस्दा, यो विषय उठाउनुहोस्। कहिलेकाहीँ, त्यो बढी सहज हुन्छ।

- कहिलेकाहीं अनुमति बिना नै फोटो फर्वार्ड गर्न सकिन्छ भनेर बुझाउनुहोस्। यसले फोटोमा रहेको व्यक्तिलाई धेरै चोट पुर्याउन सक्छ। आफ्नो बच्चालाई आफ्नो व्यक्तिगत फोटो वा अरूको फोटो साझा गर्दा सावधान रहन बुझाउनुहोस्।

**के तपाईंलाई आफ्नो बच्चाको अनलाइन गतिविधिहरूको बारेमा कुरा गर्न थप सहयोग चाहिन्छ?**

थप जानकारीका लागि हाम्रो वेबपेज **https://int.terredeshommes.nl/also-online** मा जानुहोस्।

**अनलाइन पनि**